# सुदूरपश्चिमाञ्चल विश्वविद्यालय
## महेन्द्रनगर, कञ्चनपुर

अनुसन्धान समिति सम्बन्धी कार्यविधी

२०७७

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय

२०७७ जेष्ठ

# सुदूरपश्चिमाञ्चल विश्वविद्यालय

## अनुसन्धान समिति सम्बन्धी कार्यविधी २०७७

*सुदूरपश्चिमाञ्चल विश्वविद्यालय कार्यकारी परिषद्द्वारा प्रमाणिकरण मिति २०७७/०३/०१*
*पहिलो संशोधन २०७७/०६/१३*

सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको सांगठनिक ढाँचामा अनुसन्धान परिषद्, अनुसंधान निर्देशनालय र अध्ययन केन्द्रको परिकल्पना गरिएको भएतापनि ठोस रुपमा विश्वविद्यालयको प्राज्ञिक अनुसन्धानलाई अगाडी बढाउन प्रत्येक स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधीको कार्यक्रम सञ्चालन गरिररहेका र गर्न चाहने संकाय र विभागहरुमा अनुसंधान समिति (Research Committee) हुन आवश्यक भएकोले सुदूरपश्चिमाञ्चल विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली, २०६८ (संशोधन सहित) को परिच्छेद १३ को दफा १०८ को उपदफा (५) र परिच्छेद २६ को दफा १५४ को उपदफा (छ) अनुसार यो अनुसन्धान समिति सम्बन्धी कार्यविधि जारी गरिएकोछ ।

### १. डीन कार्यालयको अनुसन्धान समिति

क. सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधी अध्ययन अनुसंधान सञ्चालन गरी रहेका संकाय सहित अन्य डीन कार्यालयमा पनि एउटा अनुसन्धान समिति रहनेछ ।

ख. डीन कार्यालय अन्तर्गत निर्मित अनुसन्धान समितिले विश्वविद्यालयको सो संकायको सम्पूर्ण प्राज्ञिक अनुसन्धानको जिम्मेवारी लिनेछ ।

ग. डीन कार्यालय अन्तर्गतको अनुसन्धान समितिको गठन निम्न वमोजिम हुनेछ । उक्त समिति ५ सदस्यीय हुनेछ ।

| | |
|---|---|
| (अ) संकाय डीन | अध्यक्ष |
| (आ) संकाय अन्तर्गत सञ्चालित विभिन्न विषयका विभागाध्यक्षहरु मध्येबाट २ जना | सदस्य |
| (इ) संकाय अन्तर्गतका विभिन्न विषयका विषय विशेषज्ञ शिक्षक मध्येबाट २ जना | सदस्य |

[1]ग१. उपरोक्त (ग) वमोजिम गठित समितिको पदावधि २ (दुई) वर्षको हुनेछ ।

घ. अनुसन्धान समितिको रेकर्ड राख्न डीनले कुनै प्रशासनिक कर्मचारीलाई तोक्न सक्नेछ ।

---

[1] पहिलो संशोधन २०७७ द्वारा संशोधित



सुदूरपश्चिमाञ्चल विश्वविद्यालय

[2]ङ. अनुसंधान समितिका सदस्यको चयन कम्तिमा M. Phil./ Ph. D. उपाधि हासिल गरी शैक्षिक विशीष्टता भएका शिक्षकहरु मध्येबाट सम्बन्धित संकायको डीनले गर्नेछ ।

च. हाललाई विश्वविद्यालयका दर्शनाचार्य र विद्यावारिधीको शोधपत्रको मौखिक परीक्षा सम्बन्धित डीन कार्यालयको अनुसन्धान समितिले सञ्चालन गर्नेछ ।

छ. अनुसन्धानकर्ताको अनुसंधान प्रस्तुति र मौखिक परीक्षामा सम्बन्धित विद्यार्थीका शोध निर्देशक, सह निर्देशक, वाह्य परीक्षक र सम्बन्धित विषयका विभागीय प्रमुखलाई अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्नेछ ।

ज. विश्वविद्यालयमा प्राज्ञिक अनुसन्धान सम्बन्धी अन्य ब्यवस्थालाई विश्वविद्यालयका दर्शनाचार्य, विद्यावारिधीको लागि वनाइएका कार्यविधि र सम्बन्धित डीन कार्यालयले यस कार्यविधिको परिधीमा रही वनाइएको थप प्रावधानहरुले निर्दिष्ट गर्नेछ ।

झ. विश्वविद्यालयको डीन कार्यालयले अनुसन्धान समितिमा आवश्यकता अनुसार आन्तरिक वा वाह्य विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

ञ. अनुसन्धान समितिका सदस्यहरुलाई डीन कार्यालयले नियमानुसार वैठक भत्ता एवं वैठकको वेला खाजाको ब्यवस्था गर्न सक्नेछ ।

ट. शोध निर्देशक, शोध सह निर्देशक र परीक्षक एवं विज्ञहरुलाई दर्शनाचार्य एवं विद्यावारिधीको कार्यविधी वमोजिम नियम अनुसार पारिश्रमिक दिइनेछ ।

ठ. डीन कार्यालय अन्तर्गतको अनुसन्धान समितिले आफ्नो संकाय अन्तर्गत अनुसन्धान कार्यलाई प्रोत्साहित गर्न र सुदृढ पार्न अनुसंधान पद्धति, प्राज्ञिक लेखन, अनुसन्धानको भाषा एवं शैली, अनुसन्धान निर्देशन वारे कार्यशाला गोष्ठी, सेमीनार, वार्ता (Talk Programme) को आयोजना गर्नुका साथै विश्वविद्यालयले अपनाउने अनुसन्धान शैली पुस्तिका (Style sheet) प्रकाशन गर्न सक्नेछ ।

[2] पहिलो संशोधन २०७७ द्वारा संशोधित



मध्यपश्चिमाञ्चल विश्वविद्यालय

**२. विषय शिक्षण समिति / विभागीय अनुसन्धान समिति**

क. सुदूरपश्चिमाञ्चल विश्वविद्यालयमा स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधी तहको अनुसन्धानलाई सहज गर्नको लागि प्रत्येक डीन कार्यालय र स्नातकोत्तर तहको अध्ययन अध्यापन हुने क्याम्पसमा विषय शिक्षण समिति/विभागीय अनुसन्धान समिति रहनेछ ।

[3]ख. विषय शिक्षण समिति/विभागीय अनुसन्धान समितिको निर्माण विभाग/विषय शिक्षण समिति प्रमुखको अध्यक्षतमा २ (दुई) वर्षका लागि सम्बन्धित विषयका कम्तिमा अन्य ४ जना प्रकाशन एवं अनुसन्धानमा ज्ञान भएका विज्ञ शिक्षकहरु समेत समावेश गरी गरिनेछ ।

ग. विषय शिक्षण समिति/विभागीय अनुसन्धान समितिका सदस्यहरुको चयन शिक्षकहरुको विषय विज्ञता एवं वरियताको आधारमा विभाग प्रमुखले गर्नेछ ।

घ. विषय शिक्षण समिति/विभागीय अनुसन्धान समितिमा आवश्यक परेको वेलामा विश्वविद्यालय भित्र अथवा वाहिरबाट विज्ञहरु आमन्त्रण गर्न सकिनेछ ।

ङ. विषय शिक्षण समिति/विभागीय अनुसन्धान समितिले स्नातकोत्तर तहको अनुसन्धान कार्यमा विभागका विद्यार्थीहरुलाई अनुसन्धान पद्धति, प्राज्ञिक लेखन, अनुसन्धान निर्देशन, अनुसन्धानमा प्रयोग हुने भाषा आदि बारे अभिमुखीकरण (Orientation) गर्ने ब्यवस्था मिलाउनेछ ।

च. विषय शिक्षण समिति/विभागीय अनुसन्धान समितिले विभिन्न तहका अनुसन्धान कार्यहरुको मूल्यांकन गर्न मौखिक परीक्षा सञ्चालन गर्नेछ ।

छ. विषय शिक्षण समिति/विभागीय अनुसन्धान समितिले आवश्यकता हेरि विद्यार्थीको अध्ययन अनुसन्धानलाई सहज पार्न आफ्नो कार्यक्षेत्र एवं कार्यविधि निर्माण गरि काम गर्न सक्नेछ ।

ज. विषय शिक्षण समिति/विभागीय अनुसन्धान समितिलाई विभागले वैठकको वेला नियमानुसार वैठक भत्ता र खाजाको ब्यवस्था गर्न सक्नेछ ।

यो कार्यविधि सुदूरपश्चिमाञ्चल विश्वविद्यालयमा अनुसन्धान सम्बन्धी अर्को ब्यवस्था नभएसम्मको लागि लागू हुनेछ

[3] पहिलो संशोधन २०७७ द्वारा संशोधित